# लोक सेवा आयोग

*निजामती सेवाको मान्यता: अनुशासन, इमानदारी र नैतिकता*

अनामनगर, काठमाडौं
नेपाल ।

पत्र संख्या: प्र. ०७१/७२

चलानी संख्या:

## प्रेस विज्ञप्ती

आयोगद्वारा सम्पादन हुने कार्यहरुलाई प्रविधि मैत्री बनाउँदै र संगठनात्मक सवलता अभिवृद्धि गर्दै लैजाने उद्देश्यले एशियाली विकास बैंक (ADB) को सहयोगमा संचालित ICT Development Project अन्तर्गतको Public Service Recruitment Management System (PSRMS) तयारी भई कार्यान्वयनको चरणमा रहेको छ ।

यस परियोजनाको व्यवहारिक कार्यान्वयनको सुरुवात गर्ने क्रममा लोक सेवा आयोग ऐन, २०६६ को दफा ३९ बमोजिम आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा संचालन, नतिजा प्रकाशन आदि काममा उपयुक्तताको आधारमा विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने व्यवस्थालाई कार्यान्वयन गर्दै सेवाग्राहीलाई छिटो छरितो सेवा प्रवाह गर्न आयोगद्वारा सम्पादित कार्यलाई प्रविधिसँग एकाकार हुँदै अघि बढ्ने योजना बमोजिम आयोगद्वारा मिति २०७१।१२।२५ मा प्रकाशित भएको नेपाल विविध सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, सहायक कम्प्युटर अपरेटर पद, नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह अन्तर्गतका विभिन्न उपसमूहका विभिन्न पदहरु र नेपाल इञ्जिनियरिङ सेवा, सर्भे समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, अमिन पदको दरखास्त फाराम परीक्षणको रुपमा यसैपटक देखि विद्युतीय माध्यमबाट स्वीकार गर्ने गरी आयोगबाट मिति २०७१।१२।२३ मा निर्णय भएकोले आजैका मिति देखि उपरोक्त बमोजिमका पदहरुमा दरखास्त फारामहरु विद्युतीय माध्यमबाट स्वीकार गर्ने गरी व्यवस्था मिलाइएको छ ।

(राजीव गौतम)
प्रवक्ता

मिति: २०७१।१२।२५ गते बुधवार ।

☎ ४७७१४९२, फ्याक्स : ९७७-०१-४७७१४९० । Website:– www.psc.gov.np, E-Mail:– info@psc.gov.np